**श्री ५ को सरकार**

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### २०२० सालको ऐन नं. १०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिम नेपालश्रीपद ओज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### सरकारी मुद्दा सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावनाः—** सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यस ऐनको नाम "सरकारी मुद्दा सम्बन्धी (दोस्रो संशोधन) ऐन, २०२०" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधनः मूल ऐनको दफा २ को खण्ड (क) को सट्टा निम्नलिखित खण्ड (क) राखिएकोछः—

(क) "सरकारी वकील" भन्नाले एटर्नी जनरल, सिनियर गभर्नमेण्ट एडभोकेट्, गभर्नमेण्ट एड्भोकेट्, गभर्नमेण्ट प्लीडर, पब्लिक प्रोसिक्यूटर, एडिशनल गभर्नमेण्ट प्लीडर, एडिशनल पब्लिक प्रोसिक्यूटर, असिष्टेण्ट गभर्नमेण्ट प्लीडर र असिष्टेण्ट पब्लिक प्रोसिक्यूटरलाई जनाउंछ ।

३. मूल ऐनको दफा ३ मा संशोधनः— मूल ऐनको दफा ३ को उप-दफा (२), (३), (४) र (५) को सट्टा निम्नलिखित उप–दफा (२), (३), (४) र (५) राखिएकोछः—

(२) उप-दफा (१) बमोजिम वा अरू कुनै प्रकारले त्यस्तो अपराध भएको थाहा पाएमा वा शंका हुने पर्याप्त कारण भएमा नगर पञ्चायतको इलाकाभित्र सम्बन्धित पुलिस कर्मचारी र पब्लिक प्रोसिक्युटरले र गाउं पञ्चायतको इलाकाभित्र सम्बन्धित

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुलिस कर्मचारी र गाउं पञ्चायतका प्रधान पञ्च वा उप-प्रधान पञ्चले तुरुन्त त्यस सम्बन्धी मौका तहकीकात वा सरजमीन गर्नेछन् र अन्य आवश्यक सबूत प्रमाणको संकलन पुलिस कर्मचारीद्वारा हुनेछ ।

तर गाउं पञ्चायतको इलाकाभित्रको मौका तहकीकात वा सरजमीन गर्न जानु अगावै सम्बन्धित पुलिस कर्मचारीले सम्बन्धित पब्लिक प्रोसिक्यूटरलाई जनाउ दिनेछ र सम्बन्धित पब्लिक प्रोसिक्यूटरले त्यस्तो मौका तहकीकात वा सरजमीनका संबन्धमा आवश्यक निर्देश दिन वा आवश्यक सम्झेमा स्वयं उपस्थित भई सञ्चालन गर्न सक्नेछ ।

(३) अनुसूची १ मा लेखिएको अपराध सम्बन्धी मौका तहकीकात वा सरजमीन गर्ने कुराका सम्बन्धमा प्रचलित नेपाल कानून अन्तर्गत अधिकार प्राप्त अधिकारीको सबै अधिकार यो ऐन प्रारम्भ भएपछि अवस्थानुसार सम्बन्धित पुलिस कर्मचारी, पब्लिक प्रोसिक्यूटर र गाउं पञ्चायतका प्रधान पञ्च वा उप-प्रधान पञ्चले प्रयोग गर्नेछन् ।

तर–

(क) त्यस्तोमा कुनै प्रकारको सजाय दिने अधिकारको प्रयोग मौका तहकीकात वा सरजमीन गर्ने पुलिस कर्मचारी, पब्लिक प्रोसिक्यूटर र गाउं पञ्चायतका प्रधान पञ्च वा उप-प्रधान पञ्चले गर्नेछैनन्, र

(ख) मुलुकी ऐन ज्यान सम्बन्धीको महलको २ नं. बमोजिम अधिकृत व्यक्तिले लाश जांच गर्ने कुरालाई यस उप-दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(४) उप-दफा (२) र (३) बमोजिम यथाशीघ्र मौका तहकीकात, सरजमीन वा अन्य सबूत प्रमाण संकलन गरी त्यसका आधारमा–

(क) अपराध भएको र सबै वा केही अभियुक्त उपर मुद्दा चलाउन सबूत प्रमाण पुग्ने देखिएकोमा कुन कानून अन्तर्गत क-कसको उपर कुन अभियोगमा मुद्दा चलाउनुपर्ने हो सो र त्यस्तोमा सबूत प्रमाण नपुग्ने देखिएको अभियुक्तको हकमा समेत सोही कुरा स्पष्ट खोली, र

(ख) अपराध नभएको देखिएकोमा सोही कुरा र अपराध भएको भए पनि अभियुक्त यही हो भन्ने खुल्न नसकेको वा कुनै पनि अभियुक्तउपर मुद्दा चलाउन सबूत प्रमाण नपुग्ने देखिएकोमा सोही व्यहोरा स्पष्ट खुलाई ।

पब्लिक प्रोसिक्यूटर मार्फत अदालतमा पुलिस रिपोर्ट र पुलिसको हिरासतमा रहेका अभियुक्त-समेत दाखिल गर्नुपर्छ । अदालतले पनि सो पुलिस रिपोर्टबाट मुद्दाको कारवाइ शुरू गर्नुपर्छ । त्यस्तो सबै मुद्दामा श्री ५ को सरकार वादी मानिने र जाहेर वा उजूर गरी मुद्दा चलाउन दरखास्त गर्ने व्यक्ति वादीपक्षको गवाहको रूपमा रहनेछ ।

(५) उप-दफा (२) र (३) बमोजिमको कारवाइ गर्दा पुलिसको हिरासतमा रहेका कुनै व्यक्तिका विरुद्ध मुद्दा चलाउन सबूत प्रमाण नपुग्ने देखिएकोमा त्यस्ता व्यक्तिलाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पछि अदालतबाट खोजी भएका बखत उपस्थित हुने हाजिर जमानी लिई सम्बन्धित पुलिस कर्मचारीले छाड्न हुन्छ ।

४. मूल ऐनको दफा ४ मा संशोधनः– मूल ऐनको दफा ४ को सट्टा निम्नलिखित दफा ४ राखिएकोछः–

४. देवानी मुद्दाको जांचबुझ र दायरीः– (१) अनुसूची २ मा लेखिएको कुनै मुद्दा चलाउन चाहने व्यक्तिले त्यस्तो मुद्दाका विषयमा आफूलंग भएको वा आफूले देखे जानेसम्मको सबूत प्रमाण खुलाई गभर्नमेण्ट प्लीडरलाई लिखित दरखास्त वा मौखिक खबर दिनुपर्छ । मौखिक खबर दिएकोमा गभर्नमेण्ट प्लीडरले त्यस्तो व्यक्तिको कुरा दरखास्तको रूपमा लेखी निजको सहिछाप गराई लिनु पर्छ ।

(२) उप-दफा (१) बमोजिम आफूसंग पर्न आएको दरखास्तका सम्बन्धमा गभर्नमेण्ट प्लीडरले आवश्यकतानुसार नापी नक्सा, वा अरू प्रशासकीय जांचबुझ गरी आफ्नो रायसाथ सम्बन्धित विषयका विभागीय प्रमुख छेउ वा श्री ५ को सरकारबाट यस कामको निमित्त तोकिएको अफिसर छेउ रिपोर्ट पठाउनु पर्छ ।

(३) गभर्नमेण्ट प्लीडर छेउ कसैको दरखास्त नपरे पनि कुनै सम्बन्धित अफिसर आफैले अनुसूची २ मा लेखिएको कुनै मुद्दा चलाउनपर्ने देखेमा आफैले आवश्यक जांचबुझ गरी गभर्नमेण्ट प्लीडरको राय लिई आफ्नो विभागीय प्रमुख छेउ रिपोर्ट पठाउन सक्तछ र विभागीय प्रमुखले नै त्यसो गर्नपरेमा श्री ५ को सरकारमा रिपोर्ट गर्नुपर्छ ।

(४) उप-दफा (२) वा (३) बमोजिम पठाइएको रिपोर्टमा निकासा दिने अधिकारीबाट मुद्दा चलाउने निकासा भई अदालतमा मुद्दा दायर गर्नुपर्दा गभर्नमेण्ट प्लीडरद्वारा फिरादपत्र दायर हुनेछ । त्यस्तो सबै मुद्दामा श्री ५ को सरकार वादी र जाहेर वा उजूरी गरी मुद्दा चलाउन दरखास्त गर्ने व्यक्ति वादीपक्षको गवाहको रूपमा रहनेछ ।

(५) अनुसूची २ मा लेखिएको मुद्दाको यस दफा बमोजिमको प्रशासकीय जांचबुझमा आवश्यक सहायता दिनु पुलिस लगायत सबै सरकारी अड्डाको कर्तव्य हुनेछ ।

५. मूल ऐनको दफा ७ मा संशोधनः– मूल ऐनको दफा ७ को उप-दफा (१), (२) र (३) को सट्टा निम्नलिखित उप-दफा (१), (२) र (३) राखिएकोछः–

(१) अनुसूची १ वा २ मा लेखिएको मुद्दामा अपीलको म्याद सम्बन्धी सूचना दिंदा अदालतले ७० दिन तोकिदिने गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिम तोकिएको म्याद गुज्री सम्बन्धित पक्षले मनासिब माफिकको कारण देखाई अदालतलाई निवेदन गरेमा अन्य चलित कानूनले माउ म्यादमा अदालतले बढीमा ३० दिनसम्म थप गर्न सक्नेछ ।

(३) श्री ५ को सरकारका तर्फबाट कुनै व्यक्तिको नाउंमा देवानी विषयमा नालेश गर्नुपर्ने भएमा प्रचलित नेपाल कानूनले सो विषयमा श्री ५ को सरकारले नालेश उजर गर्ने हद म्याद तोकिएको भए सोही हद म्यादभित्र र त्यस्तो हद म्याद नतोकिएकोमा सो नालेश गर्नुपर्ने भएको कुरा श्री ५ को सरकारलाई थाहा भएको मितिले दुई वर्षभित्र नालेश गर्नुपर्छ ।

स्पष्टीकरणः– श्री ५ को सरकारको सम्बन्धित प्रशासकीय अफिसले थाहा पाएकोलाई श्री ५ को सरकारले थाहा पाएको मानिनेछ ।

६. मूल ऐको दफा ९ मा संशोधनः– मूल ऐनको दफा ९ को सट्टा निम्नलिखित दफा ९ राखिएकोछः–

९. गभर्नमेण्ट प्लीडर र पब्लिक प्रोसिक्यूटरको काम अरूले गर्न हुने :– यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा अन्य प्रचलित नेपाल कानून बमोजिम गभर्नमेण्ट प्लीडरको अधिकार तथा कर्तव्य एडिशनल वा असिष्टेण्ट गभर्नमेण्ट प्लीडरले र पब्लिक प्रोसिक्यूटरको अधिकार तथा कर्तव्य एडिशनल वा असिष्टेण्ट पब्लिक प्रोसिक्यूटरले प्रयोग तथा पालन गर्न सक्नेछन् ।

तर असिष्टेण्ट गभर्नमेण्ट प्लीडर र असिष्टेण्ट पब्लिक प्रोसिक्यूटरले यो दफा बमोजिम प्रयोग गर्न पाउने अधिकार र पालन गर्नुपर्ने कर्तव्य–मध्ये केही वा सबै प्रयोग र पालन गर्न पाउने गरी कुनै सरकारी कर्मचारीलाई श्री ५ को सरकारले पदेन नियुक्त गर्न सक्तछ ।

७. मूल ऐनको दफा १० मा संशोधनः– मूल ऐनको दफा १० को उप-दफा (२) को खण्ड (क) को सट्टा निम्नलिखित खण्ड (क) राखिएकोछः–

" (क) सरकारी वकीलको काम कर्तव्य तोक्ने; र "

८. दायर हुन बांकी मुद्दाः– मूल ऐन प्रारम्भ भएपछि परेका मूल ऐनको अनुसूची २ मा लेखिएका कुने मुद्दा प्रचलित नेपाल कानूनका हद म्यादभित्र अदालतमा दायर भइसकेको रहेनछ भने त्यस्तो सबै मुद्दा यो ऐन प्रारम्भ भएका मितिले एक वर्षभित्र सम्बन्धित अदालतमा दायर गर्न सकिनेछ ।

लालमोहर सदर मितिः– २०२०।४।३२।६.

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह-सचिव,
कानून तथा न्याय मन्त्रालय ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।